**प्रेस विज्ञप्ति**

# एमसीसी नेपालको पुनर्वास कार्ययोजना सार्वजनिक

नुवाकोट, २०७७ मङ्सिर २४ गते ।

मिलेनियम च्यालेञ्ज एकाउण्ट नेपाल (एमसीए-नेपाल) द्वारा एमसीसी कम्प्याक्ट अनुदान सहयोगमा विद्युत् प्रसारण आयोजना अन्तर्गत नुवाकोट जिल्लाको रातमाटे गाविस वडा नं. ६ र ९ (हाल बेलकोटगढी नगरपालिका वडा नं ७) मा गर्न लागिएको ४०० केभि विद्युत् प्रसारण लाइन र सब-स्टेशन निर्माणसम्बन्धी तयारी कार्यका क्रममा जग्गा अधिग्रहणबाट प्रभावित हुने स्थानीय वासिन्दाका लागि आयोजनाका तर्फबाट तयार गरिएको पुनर्वास कार्ययोजना सार्वजनिक गरिएको छ ।

नुवाकोट जिल्लाको जिल्ला समन्वय समितिको कार्यालयमा २०७७ मङ्सिर २४ गते बुधबार आयोजना गरिएको एक कार्यक्रम उक्त कार्ययोजना सार्वजनिक गरिएको हो ।

एमसिए-नेपालले प्रभावित व्यक्तिहरूलाई प्रतिस्थापन मूल्य सिद्धान्तका आधारमा क्षतिपूर्ति दिने नीति अपनाएको छ । यसको उद्देश्य प्रभावित व्यक्तिहरूलाई कम्तीमा आयोजना सञ्चालन हुनुभन्दा पहिलेकै स्तरमा वा त्यसभन्दा राम्रो जीवनयापन गर्नका लागि सघाउनु हो । एमसिए-नेपालले आयोजनाबाट प्रभावित मानिसहरूलाई सहयोग गर्नका लागि सञ्चालन गरिने क्रियाकलापहरूलाई मार्गनिर्देशन गर्न पुनर्वास कार्ययोजना तथा जीविकोपार्जन पुनःस्थापन योजना तयार गरेको हो ।

एमसिए-नेपालको पुनर्वास नीतिको प्रारूप (आरपीएफ) विसं २०७६ भदौ १६ गते (सन् २०१९ सेप्टेम्बर २) मा स्वीकृत गरिएको थियो । यो नीति अन्तरराष्ट्रिय वित्त निगम (आईएफसी) कार्यसम्पादन मापदण्ड र एमसीसी वातावरणीय दिशानिर्देश जस्ता अन्तरराष्ट्रिय मापदण्ड अनुसार तयार गरिएको छ । यस नीति अन्तर्गत जग्गा प्राप्ति ऐनका आधारमा घरजग्गाको मुआब्जा निर्धारण गर्नुका अतिरिक्त रुख, बालीनाली एवं अन्य भौतिक संरचनाहरूको पनि क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

एमसिए-नेपालले स्थानीय वासिन्दालाई गुमेका सबै सम्पत्ति/संरचनाबापत् प्रतिस्थापन मूल्य सिद्धान्तका आधारमा क्षतिपूर्ति उपलब्ध गराउनेछ । यसका अतिरिक्त प्रशिक्षण तथा अन्य उपयुक्त जीविका पुनःस्थापनसम्बन्धी उपायका माध्यमबाट पुनःस्थापन सहयोग उपलब्ध गराउने व्यवस्था पनि गरिएको छ ।

जोखिममा रहेका व्यक्तिहरू पुनःस्थापना तथा क्षतिपूर्तिसम्बन्धी विकल्पहरूबारे पूर्ण रूपमा जानकार रहेको सुनिश्चित गर्न एमसिए-नेपालले विशेष उपायहरू अपनाउने र उनीहरूलाई कम जोखिम भएका विकल्प छनोट गर्नका लागि प्रोत्साहित गर्नेछ ।

एमसिए-नेपालले सामाजिक तथा वातावरणीय प्रभावको व्यवस्थापनका लागि नेपाल सरकारका प्रक्रियाहरूका अतिरिक्त अन्तरराष्ट्रिय मापदण्डहरूलाई पनि अपनाएको छ । यस क्रममा व्यक्ति एवं परिवार तथा विस्थापित समुदायहरूलाई उनीहरूका अधिकार तथा विकल्पहरूबारे जानकारी दिएर अर्थपूर्ण छलफल सञ्चालन गरिएको छ । सामाजिक तथा जैविक वातावरणमा पर्ने प्रभावलाई न्यूनीकरण गर्नका लागिले प्रमुख वस्तीहरू, विद्यालयहरू, धार्मिक, सांस्कृतिक एवं ऐतिहासिक स्थलहरू तथा राष्ट्रिय निकुञ्जहरूलाई सकेसम्म छोएको छैन ।

***थप जानकारीका लागि :***

*एमसीसी सहयोगबारे थप जानकारी https://mcanp.org मा उपलब्ध छ । एमसीसीको सहयोगबारे अद्यावधिक आधिकारिक जानकारी एमसिए-नेपालको ट्विटर (@MCA_Nepal) र फेसबूक पेज (https://www.facebook.com/MCANPL/) मा पनि उपलब्ध छ । एमसीसी सहयोगबारे अन्य जानकारी चाहिएमा info@mcanp.org मा ई-मेल पठाई वा +९७७-१-४२३८३५३/४२३८३९२ मा फोन गरेर प्राप्त गर्न सकिन्छ ।*